Journal of Bhuwanishankar (JoBS)
A Peer Reviewed Research Journal
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# 'पाखण्ड पुराण'मा व्यङ्ग्यचेतना

**दीपकप्रसाद गौतम***
Received: 11 August, 2024 Accepted: 17 September, 2024 dpg9845053044@gmail.com

**लेखसार**

*प्रस्तुत शोधलेखमा निबन्धकार धनराज गिरीको 'पाखण्ड पुराण' व्यङ्ग्य निबन्धसङ्ग्रहमा अभिव्यक्त व्यङ्ग्यचेतनाको अध्ययन गरिएको छ । एउटा कुरा भनेझैँ गरी अर्को कुरा भन्नु, शिष्ट र कलात्मक भाषामा छेड हान्नु, कटाक्ष गर्नु र व्यञ्जनाशक्तिद्वारा गूढार्थ प्रस्तुत गर्नु व्यङ्ग्य हो । यो साहित्यलाई प्रभावकारी बनाउने तत्त्व हो । यस शोधलेखमा व्यङ्ग्य सिद्धान्तलाई विश्लेषणको मूल आधार बनाइएको छ । यस सङ्ग्रहका निबन्धहरूमा व्यङ्ग्यचेतना के कस्तो रूपमा आएको छ र व्यङ्ग्यको प्रयोग कसरी भएको छ भन्ने कुरालाई र व्यङ्ग्य सिद्धान्तलाई ज्ञानमीमांसाका रूपमा मानी निबन्धमा अभिव्यञ्जित व्यङ्ग्यचेतनालाई तत्त्वमीमांसा र त्यसका सम्प्राप्तिलाई मूल्यमीमांसाका रूपमा आधार बनाई तथ्य र सूचकहरूबाट पुष्टि गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा विश्लेष्य कृति 'पाखण्ड पुराण' प्राथमिक स्रोतको सामग्रीका रूपमा रहेको छ भने अध्ययनका क्रममा पुस्तकालयबाट व्यङ्ग्यचेतनाको सैद्धान्तिक पक्षमा लेखिएका पुस्तक, शोधलेख आदि आवश्यक द्वितीयक स्रोतका सामग्री सङ्कलन गरी निगमनात्मक, वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको आवश्यकताअनुरूप उपयोग गरी प्रस्तुत शोधलेख तयार गरिएको छ । यसक्रममा 'पाखण्ड पुराण' व्यङ्ग्यसङ्ग्रहका निबन्धमा व्यङ्ग्यचेतना पुरस्कार तथा मानसम्मान दिने सम्बन्धमा, कृति प्रकाशन र विमोचन गर्ने सम्बन्धमा र कृति तथा कृतिकारका बारेमा गरिने अतिप्रशंसा र अतिनिन्दाका रूपमा आएको कुरालाई प्रस्तुत गरी तिनलाई दृष्टान्तद्वारा पुष्टि गरिएको छ । निबन्धमा साहित्यिक क्षेत्रमा व्यापक रूपमा विकृतिहरू विद्यमान रहेको कुरा देखाइएको छ । यसरी समग्र विश्लेषणबाट व्यङ्ग्यचेतनाका दृष्टिले कृति उच्चस्तरको बन्न पुगेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**: अतिप्रशंसा, उपकरण, ध्वनि, निगमनात्मक, व्यञ्जनाशक्ति, सूचक ।

## विषयपरिचय

धनराज गिरी (२०१५) समकालीन नेपाली साहित्यमा स्थापित साहित्यकार हुन् । उनी सफल कवि, गजलकार, निबन्धकार, कथाकार, उपन्यासकार र व्यङ्ग्यकारका रूपमा परिचित छन् । २०४८ सालमा 'मेरो हाकिम' शीर्षकको व्यङ्ग्यकविता लेखेर नेपाली साहित्यमा प्रवेश गरेका गिरी सिर्जनायात्रामा निरन्तर क्रियाशील छन् । उनका प्रशस्त फुटकर कविता, गजल, निबन्ध र व्यङ्ग्यात्मक लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् । उनका *पाखण्ड पुराण* (व्यङ्ग्यसङ्ग्रह, २०८१) लगायतका विभिन्न विधाका चौधवटा कृति प्रकाशित छन् । शब्दहरूको तुक जोर्न, अनुप्रासात्मक लय सिर्जना गर्न, विविध क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्न उनी सिपालु छन् । उनको *पाखण्ड पुराण* (व्यङ्ग्यसङ्ग्रह) प्रकाशित छ । यसमा साना र मझौला आकारका बाउन्नवटा व्यङ्ग्यनिबन्धहरू सङ्कलित छन् । यी निबन्धहरूमा सामाजिक, शैक्षिक, साहित्यिक, राजनीतिक, धार्मिक, सांस्कृतिक आदि विभिन्न क्षेत्रमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । एउटा कुरा भनेझैँ गरी अर्को

* *दीपकप्रसाद गौतम, त्रिवि, भुवानीशङ्कर बहुमुखी कलेज खैरहनीमा उपप्राध्यापक हुनुहुन्छ ।*

कुरा भन्नु, शिष्ट र कलात्मक भाषामा मुटु चसक्क हुने गरी छेड हान्नु, बलाघात र व्यञ्जनाशक्तिद्वारा अर्कै गहिरो अर्थ झल्किने पार्नु व्यङ्ग्य हो । मानिसमा रहेको भित्री ज्ञान, बुद्धि, विवेक वा कुनै विषयमा रहने पूर्ण ज्ञानलाई चेतना भनिन्छ । स्रष्टाद्वारा कृतिमा प्रकटित वा अभिव्यक्त व्यङ्ग्यको स्थितिलाई बोध गर्नु नै व्यङ्ग्यचेतना हो र यो ज्ञानमा आधारित विषयवस्तु हो । व्यङ्ग्यको प्रयोगले साहित्य प्रभावकारी बन्छ । व्यङ्ग्य सबै विधामा प्रयुक्त भए तापनि गद्य विधामा यसको बढी प्रयोग भएको देखिन्छ । नेपाली निबन्ध साहित्यमा व्यङ्ग्यसङ्ग्रहका रूपमा प्रकाशित *पाखण्ड पुराण*का निबन्धहरूमा साहित्यिक क्षेत्रमा व्यङ्ग्यचेतनाको प्रयोग कसरी गरिएको छ भन्ने कुरा अध्ययन गर्नु र उक्त शोध्यप्रश्नको समाधान गर्नु यस शोधलेखको मुख्य उद्देश्य रहेको छ । उनका अन्य कृतिहरूका बारेमा केही अध्ययन भए तापनि यस व्यङ्ग्यसङ्ग्रहका निबन्धहरूका विषयमा सामान्य परिचयात्मक आलेख प्रकाशन गर्नुका अतिरिक्त अन्य कुनै अध्ययन भएको देखिँदैन । *पाखण्ड पुराण*मा सङ्कलित निबन्धहरूको व्यङ्ग्यचेतनामा नै केन्द्रित भएर कुनै अध्ययन नभएको देखिएकाले यही शोधरिक्तता परिपूर्तिका लागि यो अध्ययन आवश्यक र उपयोगी छ । अतः *पाखण्ड पुराण* व्यङ्ग्यसङ्ग्रहका निबन्धहरूमा अभिव्यक्त व्यङ्ग्यचेतनाको अध्ययन-विश्लेषण गर्नु यस शोधलेखको मुख्य विषय रहेको छ ।

*पाखण्ड पुराण* व्यङ्ग्यसङ्ग्रहका निबन्धहरूमा नेपाली समाजका विविध क्षेत्रमा देखापरेका विकृतिहरूप्रति व्यङ्ग्य गरिएको छ तर यस शोधलेखमा साहित्यिक क्षेत्रका विकृतिहरूप्रति व्यङ्ग्य गरिएका निबन्धहरूमात्र चयन गरी अध्ययन गरिएको छ । साहित्यिक क्षेत्रबाहेक अन्य शैक्षिक, राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रका विकृतिहरूप्रति व्यङ्ग्य गरिएका निबन्धहरूको अध्ययन गरिएको छैन । यस क्रममा 'रहरको कहर', 'सुमित्रानन्दनको डा. मोह', 'कवि सौन्दर्य मीमांसा', 'सम्मानित महोदयको मन्तव्य' र 'साहित्यकार : स्थापित र श्रापित' निबन्धलाई मात्र अध्ययनका लागि चयन गरिएको छ । यस सङ्ग्रहका निबन्धहरूको व्यङ्ग्यचेतनाका दृष्टिले कहीँकतै अध्ययन नभएकाले यो अध्ययन आवश्यक र उपयोगी छ ।

**अध्ययनविधि**

अध्ययनलाई व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि पुस्तकालयलाई सामग्रीको स्रोतका रूपमा लिइएको छ । यस अध्ययनका लागि पुस्तकालयबाट हास्यव्यङ्ग्यको सैद्धान्तिक पक्षमा लेखिएका पुस्तक, पत्रपत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेख आदि आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ । यसक्रममा *पाखण्ड पुराण* व्यङ्ग्यसङ्ग्रहलाई प्राथमिक सामग्री र हास्यव्यङ्ग्यका सैद्धान्तिक पुस्तक एवम् शोधलेखलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। यसरी प्राथमिक र द्वितीयक सामग्रीहरूको प्रयोग गरी अध्ययनकार्य सम्पन्न गरिएको छ। गुणात्मक प्रकृतिको अध्ययन भएकाले यसका लागि निगमनात्मक, वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिहरूको आवश्यकताअनुरूप अवलम्बन गरिएको छ। विश्लेषणका लागि *पाखण्ड पुराण* व्यङ्ग्यसङ्ग्रहका साहित्यिक क्षेत्रका व्यङ्ग्यचेतनाका दृष्टिले सबल उद्धरणलाई सोद्देश्य नमुना छनोट विधिद्वारा छनोट गरी विश्लेषण गरिएको छ । व्यङ्ग्यसिद्धान्त यस अध्ययनको ज्ञानमीमांसा हो भने साहित्यमा देखिएका पुरस्कार र सम्मानसम्बन्धी, कृतिप्रकाशन वा विमोचनसम्बन्धी, नातावादसम्बन्धी, अतिप्रशंसा र अतिनिन्दासम्बन्धी विकृतिप्रतिको व्यङ्ग्यचेतनाको खोजी यसको तत्त्वमीमांसा हो र त्यसबाट यस व्यङ्ग्यसङ्ग्रहका निबन्धमा देखिएका अन्तर्विषयकता र प्रयोगपरकता यसको मूल्यमीमांसा हो ।

**सैद्धान्तिक पर्याधार**

एउटा कुरा भनेझैँ गरी अर्को कुरा भन्नु, छेड हान्नु, बलाघातद्वारा अर्कै गहिरो अर्थ झल्कने पार्नु व्यङ्ग्य हो ।

यसलाई अङ्ग्रेजीमा 'सटायर' भनिन्छ। "मानवचरित्रमा देखापरेका अनेक असङ्गति, सामाजिक जीवनमा देखिएका विसङ्गति, मान्छेका वैयक्तिक कमजोरी, दुर्बलता, आडम्बरी प्रवृत्ति आदिप्रति घुमाउरो किसिमले उपहास गरेर भनिने अभिव्यक्तिलाई व्यङ्ग्य भनिन्छ। व्यङ्ग्यमा कतै परिहास र उपहास हुन्छ भने कतै परिहास र उपहास नभइकन पनि व्यङ्ग्य हुन्छ। व्यङ्ग्यको उद्देश्य समग्रमा र सूक्ष्म रूपमा समाजसुधार र मान्छेको चारित्रिक सुधार गर्नु हो। यसको लागि व्यङ्ग्यकारले भाषालाई बङ्ग्याएर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ" (बर्मा र अन्य, सन् २००९, पृ. ६४८-६४९)। जब मानिस बहिर्मुखी हुँदै समाज र जीवनका बेथितितिर चासो दिन थाल्दछ, विकृतिविसङ्गति र बेथितिप्रति व्यञ्जनायुक्त कलात्मक भाषामा छेडछाड र घोचपेच गर्न थाल्दछ, तब हास्यव्यङ्ग्यको जन्म हुन्छ। हास्य विशुद्ध मनोरञ्जन गराएर मानवलाई सारा तनावबाट मुक्त बनाउने उद्देश्यले अघि बढ्दछ भने व्यङ्ग्य विसङ्गतिको बोध गराएर मानवलाई सङ्गति वा सुधारका निम्ति अप्रत्यक्ष व्यञ्जना प्रस्तुत गर्दै टुङ्गिन्छ (भट्टराई, २०५७, पृ. ५५)। हास्यको उद्देश्य हँसाउनु हो र व्यङ्ग्य बाङ्गो हेराइ हो, घोचपेच हो। विकृति र बेथितिका कारकलाई व्यङ्ग्यकार ठुङ्छ र ठोक्छ। तर यो ठोकाइ र ठुङाइ त्यतिबेला प्रभावकारी हुन्छ, जब यो ग्राह्य र आस्वाद्य बन्छ। यसका लागि हास्यतत्त्वको आवश्यकता हुन्छ। हास्यले व्यङ्ग्यलाई आस्वाद्य, प्रभावकारी र आल्हादक बनाउँछ (राई, पृ.क)। त्यसैले नेपाली साहित्यमा हास्य र व्यङ्ग्य सँगसँगै प्रयुक्त हुँदै आएका छन्। यी दुवै परस्परमा अन्वित भएकाले हास्यव्यङ्ग्य एउटा उपविधाजस्तै भएको देखिन्छ। तर हास्यव्यङ्ग्य आफै स्वतन्त्र विधा भने होइन। यो साहित्यका कथा, कविता, निबन्ध आदि कुनै विधाविशेषभित्र छिरेर आउँछ। कुनै कविलाई कविताका माध्यमबाट समाजमा विकृति-विसङ्गति निम्त्याउनेहरूप्रति घोचपेच गर्न मनलाग्यो भने व्यङ्ग्यकविता जन्मन्छ। यसरी साहित्यमा हास्यव्यङ्ग्य गद्यपद्य जुनसुकै विधाभित्र छिरेर आउन सक्छ र यी भिन्नभिन्न अर्थ दिने शब्द भए पनि प्रायःजसो एउटैको लागि दुवैको एकसाथ प्रयोग गर्ने प्रचलन विद्यमान छ। संस्कृत साहित्यमा व्यङ्ग्यलाई ध्वनिको समानार्थी रूपमा हेर्दै व्यङ्ग्यलाई अलङ्कार, वक्रतामय शब्दशक्ति, वक्रोक्ति ध्वनित गराउने व्यञ्जक शब्द आदि भनी परिभाषित गर्ने प्रयास गरेको देखिन्छ भने अन्य पूर्वीय चिन्तकहरूले व्यङ्ग्यलाई विकृति, विसङ्गति, पाखण्डीपन, उद्दण्डता, अराजकता, दुराचार, भ्रष्टाचार आदि व्यक्त गर्ने तत्त्वको रूपमा परिभाषित गरेको देखिन्छ। पाश्चात्य साहित्यका चिन्तकहरूले पनि व्यङ्ग्यलाई मानवीय तथा वैयक्तिक पापहरू, मूर्खताहरू, कमजोरीहरू, विकृति र विसङ्गतिहरू तथा कलहहरूलाई निषेध वा उपहास गर्ने तत्त्वका रूपमा परिभाषित गरेको देखिन्छ (उद्धृत राई, पृ. ४२)। साहित्यकारले आफ्ना रचनाहरूमा व्यङ्ग्यको प्रयोग गरेर समाज सुधारको सन्देश दिन खोज्दछ। समाजमा सत्य र आदर्शको अतिक्रमण हुँदा साहित्यकारबाट व्यङ्ग्यात्मक साहित्य जन्मन्छ। साहित्यमा व्यङ्ग्य हास्यास्पद वा असामान्यप्रति हाँसो उडाउने वा क्षोभका भावहरूको सशक्त अभिव्यक्ति गर्ने तत्त्व हो। साहित्यिकता एवम् हास्य यसका आवश्यक अवयव हुन् (भट्टराई, २०५७, पृ. ५१)। व्यङ्ग्यभित्र अद्वितीय शक्ति हुन्छ। यसले असत्य, असङ्गतिप्रति आक्रमण गर्दछ र सडेगलेका मान्यताहरू, आचारविचार र व्यवहारहरूमा सुधार चाहन्छ। असत्यप्रति निर्मम भएर वज्र प्रहार गर्ने शक्ति व्यङ्ग्यकारमा रहेको हुन्छ। व्यङ्ग्यले मानव समाजका कमजोरीहरू र विकृतिहरूको सशक्ततापूर्वक हाँसो उडाएको हुन्छ र त्यसबाट समाज सुधारको व्यञ्जना प्रकट गरेको हुन्छ। व्यङ्ग्यको सिर्जनामा हास्य, वाग्वैदग्ध्य आदि अन्य आवश्यक उपकरणहरूको समेत सहभागिता रहेको हुन्छ। वस्तुतः साहित्यिक विधामा प्रयुक्त हुने व्यङ्ग्यको मूल सामाजिक विसङ्गति हो र त्यसप्रति व्यङ्ग्यले व्यञ्जनाशक्तिका उपकरणहरू प्रयोग गरेर प्रहार गरेको हुन्छ र सुधारको सन्देश ध्वनित गरिरहेको हुन्छ (भट्टराई, २०५७, पृ. ५२)। यसरी वैयक्तिक, सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, प्रशासनिक, भाषिक, साहित्यिक, शैक्षिक, वैज्ञानिक, कानुनी आदि विविध क्षेत्रमा देखिएका विसङ्गतिहरूलाई हटाई समाजलाई सङ्गतियुक्त बनाउने क्रममा

व्यङ्ग्यको उद्गम भएको र उपर्युक्त क्षेत्रका असङ्गातिहरूलाई हटाउन व्यङ्ग्यको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। साहित्यकारले आफ्नै प्रकारको निजी सिर्जनाशैली प्रयोग गरेर प्रतिभा र क्षमताले भ्याएसम्म साहित्यका कथा, कविता, निबन्ध आदि विधामा हास्यव्यङ्ग्यको प्रयोग गरेर साहित्यिक कृतिहरूको रचना गर्न सक्छन् । यसरी साहित्यिक कृति रचना गर्ने, प्रकाशन गर्ने, साहित्यिक कार्यक्रम आयोजना गर्ने, पुरस्कार दिने र सम्मान गर्ने क्रममा देखिएका अनेकौँ विकृति, विसङ्गति, नातावाद, कृपावाद र भ्रष्टाचारलाई साहित्यविषयक व्यङ्ग्य भनिन्छ। साहित्यिक क्षेत्रमा पनि प्रशस्त विकृतिहरू देखापरेका छन् । साहित्यिक क्षेत्रका यावत् विकृति-विसङ्गतिप्रति कलात्मक, प्रभावकारी र आलङ्कारिक भाषा एवम् लक्षणा र व्यञ्जनाशक्तिका माध्यमबाट गरिने व्यङ्ग्य नै साहित्यविषयक व्यङ्ग्य हो । विशेषतः साहित्यिक प्रवृत्ति, साहित्यकारको अतिप्रशंसा र अतिनिन्दा, अहम्, अभिमान र दम्भ, साहित्यिक चोरी, समालोचक आदि साहित्यिक व्यङ्ग्यका विषयवस्तु हुन् (चतुर्वेदी, सन् १९६३, पृ. ३०) । *पाखण्ड पुराण* व्यङ्ग्यसङ्ग्रहमा साहित्यिक जगत्का यिनै विविध क्षेत्र र प्रवृत्तिसँग सम्बन्धित व्यङ्ग्यको आधिक्य रहेकाले तिनको खोजी यस शोधलेखमा गरिएको छ।

## विमर्श वा परिणाम

आलम्वनको विकृत रूप र असामान्य अवस्थाप्रति उपहास गर्दै व्यञ्जनायुक्त कलात्मक भाषाका माध्यमबाट कटाक्ष गरी लेखिएका निबन्धहरू नै व्यङ्ग्याग्त्मक निबन्ध हुन् । आधुनिक नेपाली निबन्धको उत्तरवर्ती चरणमा देश र समाजका विविध क्षेत्रमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य गरी लेखिएका प्रशस्त हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् । यसैक्रममा असीको दशकमा प्रकाशित विश्लेष्य कृति *पाखण्ड पुराण* सशक्त व्यङ्ग्यसङ्ग्रहका रूपमा देखिएको छ। यसमा विविध विषयक्षेत्रका छोटा तथा मझौला बाउन्नवटा व्यङ्ग्यात्मक निबन्धहरू सङ्कलित छन् । यसमा सामाजिक, साहित्यिक, राजनीतिक, शैक्षिक, धार्मिक, सांस्कृतिक आदि क्षेत्रका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । निबन्धकारले अनुप्रासयुक्त भाषाशैलीको प्रयोग गरी निबन्धलाई आलङ्कारिक र कलात्मक बनाएका छन् । यसैले निबन्धहरू रोचक, घोचक बनेका देखिन्छन् । उनले यस सङ्ग्रहमा समाजका विविध क्षेत्रमा विद्यमान विकृति, विसङ्गति र कुरीतिहरूलाई प्रस्तुत गरी समाजसुधारको सन्देश दिएका छन् । यस शोधलेखमा *पाखण्ड पुराण* व्यङ्ग्यसङ्ग्रहमा अभिव्यक्त साहित्यिक क्षेत्रका व्यङ्ग्यचेतनाका विविध रूपको विश्लेषण गरिएको छ।

## पुरस्कार र मानसम्मानप्रति व्यङ्ग्य

कुनै क्षेत्रमा राम्रो काम गर्ने व्यक्तिलाई सो कार्य गरेवापत प्रशंसास्वरूप पुरस्कार दिइन्छ, सम्मान गरिन्छ। भाषा र साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिने स्रष्टाको हौसला बढाउन, समर्पणभाव जगाउन पुरस्कृत गर्ने, सम्मान गर्ने कार्य गरिन्छ। साहित्यिक क्षेत्रमा योगदान दिएका स्रष्टाहरूलाई पुरस्कार र सम्मान दिँदा धेरै विकृतिहरू देखिएका छन् । तिनै विकृतिहरूप्रति धनराज गिरीले *पाखण्ड पुराण*का निबन्धहरूमा व्यङ्ग्य प्रहार गरेका छन् । उदाहरणार्थ :

> साथी झारपातहरू, हामीलाई निकै असल र योग्य मानेर सम्मान गरिएको होला, हामी १००% असल होइनौँ । खराब काम गर्ने हिम्मत नभएर असल काम गर्न विवश भएका हौँ । राम्रोसित मान्छेलाई चिन्नु जोखिम हुन्छ । कहिलेकाहीँ अज्ञान दुःखको ढाल बन्छ । कसैलाई पनि राम्रोसित चिन्ने प्रयास नगरेमा राम्रो । एउटा अचम्मको ठाउँमा अचम्मको नौलो मान्छेलाई सम्मान गरिएको छ। त्यहाँ त्यो सम्मानित महोदयलाई कसैले पनि नचिन्ने ।

(‘सम्मानित महोदयको मन्तव्य, पृ. ९५)

यस उद्धरणमा साहित्यिक सङ्घसंस्थाले स्रष्टाको समुचित मूल्याङ्कन नगरी मिलिभगतमा गरिने मानसम्मानप्रति व्यङ्ग्य गरिएको छ । पहुँच र सम्बन्धका आधारमा स्रष्टालाई पुरस्कार दिनु, सम्मान गर्नु राम्रो नभएको कुरा व्यक्त गरिएको यस उद्धरणमा साहित्यिक योगदानको समुचित मूल्याङ्कन गरेर उचित पात्रलाई मात्र सम्मान गर्नुपर्ने भाव अभिव्यञ्जित छ । स्रष्टाको कृतिगत मूल्याङ्कन नगर्ने, कमसल कृति र साहित्यकारलाई पुरस्कृत गर्ने जुन प्रवृत्ति र परम्परा विद्यमान छ, त्यसप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । यसरी साहित्यिक क्षेत्रमा स्थापित हुन नसकेको, छुट्टै परिचय बनाउन नसकेको साहित्यकारलाई योग्य र असल मानेर सम्मान गर्नु दुःखद भएको भाव यस उद्धरणमा व्यक्त गरिएको छ ।

यसैगरी साहित्यका क्षेत्रमा पुरस्कार र मानसम्मान दिँदा साहित्यिक योगदानको कदर नगरी नातावाद र कृपावादलाई प्रश्रय दिने प्रवृत्ति देखिन्छ । निबन्धकारले यस्तो प्रवृत्तिप्रति कटाक्ष गर्दै आदर्शको स्थापनामा जोड दिएका छन् । साहित्य समाजको दर्पण र मार्गदर्शक सिद्धान्त भएकाले साहित्यिक जगत् विकृतिरहित हुनुपर्ने कुरा गिरीका निबन्धमा व्यक्त गरिएको छ । जस्तै :

> अरे यार, आज नयाँ दिल्लीमा, केही समयपछि हेर्नु, भोपाल र मेरठमा आज सम्मान गर्ने सबै सम्मानित हुनेछन् । महान् साहित्यकार बनी 'नेपाल साहित्यरत्न'को ट्याग भिरेर ब्यागभरि दुष्यन्त कुमार, वशीर बद्र, राहत इन्दौरी, गालिब आदिका गजल सङ्ग्रह लिएर गाजल खोज्दै फर्कनेछन् । आलोपालो भिनाजु र सालो । यही हो चलन, नपाउनेलाई जलन, गुणवत्ता स्खलन । "असन्तुष्ट युवाहरू पदोन्नति नपाएका राष्ट्रसेवकहरूझैँ आफ्ना कुण्ठा विरेचन गर्दै बसिरहे ।"
>
> ('सम्मानित महोदयको मन्तव्य, पृ. ९३)

यस निबन्धांशमा साहित्यिक सङ्घसंस्थामा देखिएको आलोपालो पुरस्कार थाप्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । साहित्यिक संस्थाको स्थापना गरी आफू पदमा बसेर पालैपालो पुरस्कारको आदानप्रदान गर्ने, गुणवत्ताको ख्याल नगरी सालाले भिनाजुलाई र भिनाजुले सालो वा सालीलाई पुरस्कार प्रदान गर्ने र सम्मान गर्ने विकृतिप्रति व्यङ्ग्य गरिएको छ । स्रष्टाहरूमा आफूले पुरस्कार नपाउँदा ईर्ष्या, द्वेष, जलनजस्ता दुष्प्रवृत्तिहरू देखिन नहुने, सबैले गुणको कदर गर्नुपर्ने, आफन्दवाद परिहार गर्नुपर्ने भाव यस निबन्धांशमा व्यक्त गरिएको छ ।

## कृति प्रकाशन र विमोचनसम्बन्धी व्यङ्ग्य

*पाखण्ड पुराण* व्यङ्ग्यसङ्ग्रहमा कृति प्रकाशन र विमोचनसम्बन्धी कार्यक्रममा देखिएका विकृतिहरूप्रति पनि व्यङ्ग्य गरिएको छ । मूल्यहीन कृति प्रकाशन गर्ने, भव्य कार्यक्रम गरी लोकार्पण गर्ने, निःशुल्क वितरण गर्ने र प्रशंसा प्रवचन गराउने प्रवृत्तिप्रति निबन्धकारले असहमति प्रकट गरेका छन् । झुर कविता लेख्ने कविहरूलाई समीक्षकद्वारा उत्कृष्ट कविको दर्जा प्रदान गर्ने-गराउने प्रवृत्तिप्रति निबन्धमा व्यङ्ग्य गरिएको छ । उदाहरणका लागि एउटा उद्धरण :

> यो संसारमा, यही नेपालमा अद्वितीय महापुरुषहरू जन्मिन्छन् । भैरव अर्यालले पनि महापुरुषकै लामो सङ्गत गर्नुभयो । दश दिनमा *समालोचना* (?) जस्तो महाकाव्य लेखेर हाम्रा महाकविले आफ्नो अद्भुत क्षमता देखाए । झूरकान्त मैनालीले त्यो रेकर्ड पनि तोडेर ७ दिनमा १४०० पेजको *यत्रो रहर* महाकाव्य प्रकाशित गर्नुभयो । विडम्बना, यस्ता महान् स्रष्टाको नाम 'झूर' राख्न को मजबुर भएछ ?
>
> ('रहरको कहर', पृ. ३४-३५)

यस दृष्टान्तमा छोटो समयमै होनहार सर्जकका रूपमा स्थापित भएका भनिएका झूरकान्त मैनालीको साहित्यिक योगदान र कवित्वप्रति व्यङ्ग्य गरिएको छ । रहरले कवि बनेका मैनालीलाई नेपालमा जन्मिएका अद्वितीय महापुरुषको रूपमा चिनाउनु, दस दिनमा महाकाव्य लेख्ने महाकवि देवकोटासँग तुलना गर्नु, उनलाई पनि उछिनेर सात दिनमा

एक हजार चार सय पृष्ठको *रहर* महाकाव्य प्रकाशित गरेको भनी अतिप्रशंसा गर्नुजस्ता साहित्यिक क्षेत्रमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य गरिएको छ । यसरी कृति विमोचन गर्दा प्रमुख अतिथि वा समीक्षकहरूद्वारा गरिने कृति र कृतिकारको उच्चमूल्याङ्कन गर्ने भाट प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ। यसप्रकार यो जुनीमा मात्र नभई पचास जुनीमा पनि कवि हुने सम्भावना नभएका सिर्जनाशक्तिविहीन मैनालीलाई उपहासको पात्र बनाउँदै व्यङ्ग्य गर्नु निबन्धकारको अभीष्ट देखिन्छ। यस्तै अर्को दृष्टान्त हेरौँ :

> धर्मले भन्दा, दानले भन्दा साहित्यले मान्छेलाई छिट्टै चोख्याउने काम गर्छ । खर्च गर्छ मज्जाले र बन्छ खर्चित साहित्यकार । ठुल्ठुला होटलमा पुस्तक विमोचन, ककटेल पार्टी । चल्यो नाम । भयो भाइरल । मिडिया जिन्दावाद ! भूमण्डलीकृत साहित्यकार । पहिलेको बापति, अब हरेक साहित्यिक मञ्चमा उही सभापति । जनताको स्मरणशक्ति क्षीण हुन्छ। खर्चित साहित्यकार चर्चित हुन पुग्छ।
>
> ('साहित्यकार : स्थापित र श्रापित, पृ. २२४)

यस दृष्टान्तमा नक्कली खर्चित साहित्यकारहरूप्रति व्यङ्ग्य गरिएको छ। दुराचार र अपराध कर्म गरेर प्रशस्त पैसा कमाउने अनि साहित्यिक क्षेत्रमा प्रवेश गरेर पैसा खर्च गरी चोखिने, साहित्यकारका रूपमा भाइरल हुने प्रवृत्तिप्रति निबन्धकारले विमति जनाएका छन् । ठुल्ठुला होटलमा ठुलो धनराशि खर्च गरेर पुस्तक विमोचन गर्ने, ककटेल पार्टी दिने, मिडियालाई प्रयोग गरेर आफूलाई भूमण्डलीकृत साहित्यकारका रूपमा प्रचारप्रसार गर्ने साहित्यिक जगत्मा देखिएको विकृत प्रचलनप्रति व्यङ्ग्य प्रहार गरिएको छ । पहिलेका वापतीहरू पैसाको बलमा साहित्यिक मञ्चमा सभापति हुनु, साहित्यिक सङ्घसंस्थाको नेतृत्व गर्नु र चर्चा बटुल्नु साहित्यिक क्षेत्रको दुर्भाग्य भएको कुरा व्यक्त गर्दै यस्तै क्रियाकलापबाट चर्चित हुन पुगेका खर्चित साहित्यकारहरूप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् ।

### अतिप्रशंसा र अतिनिन्दाप्रति व्यङ्ग्य

व्यङ्ग्यकार धनराज गिरीले *पाखण्ड पुराण* व्यङ्ग्यसङ्ग्रहमा समीक्षक/समालोचक वा वक्ताले काव्य सम्मेलन समारोहमा प्रभाव र सम्बन्धका आधारमा कृति वा कृतिकारको अतिप्रशंसा र अतिनिन्दा गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । कृतिको गुण-दोष पर्गेल्न नसक्ने र सतही रूपमा प्रभावपरक समालोचना गर्ने प्रवृत्तिको विरोध गर्दै गुणदोषका आधारमा कृतिको समुचित मूल्याङ्कन हुनुपर्छ भन्ने कुरा उनका निबन्धमा अभिव्यक्त भएको देखिन्छ। भाषा र साहित्यको सेवाभन्दा पनि सस्तो लोकप्रियताका लागि लेख्ने, भनसुनका आधारमा सम्बन्धविस्तार गरी कविता छाप्ने र आफन्तजनलाई भेला गराई प्रशस्ति गाउन लगाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरी सुधारको सन्देश दिइएको पाइन्छ। जस्तै :

> महाभारतमा पूरै संसार अटाएझैँ उहाँको महाकाव्यमा पनि सबै कुरा अटाएको छ । 'रहर' शब्दले आनन्दको लहर उत्पन्न गराउँछ, हरेक प्रहर पढौँपढौँ लाग्छ । यो हाम्रो साझा ठहर हो, यो महाग्रन्थ कविताको अमृतमय नहर हो । मैले आजसम्म यस्तो अद्‌भुत महाकाव्य पढेको थिइनँ । आफूलाई महाभाग्यशाली ठान्दछु, मैनालीजीलाई आफ्नो पनि गुरु मान्दछु, म पनि अलिअलि मात्र जान्दछु, उहाँलाई अर्कोचोटि प्रज्ञामा तान्दछु ।
>
> ('रहरको कहर', पृ. ३५)

यस उद्धृतांशमा अनुप्रासयुक्त काव्यात्मक भाषामा साहित्यिक क्षेत्रमा देखापरेको कृति र कृतिकारको अतिप्रशंसा गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । योग्यता, क्षमता र सहजप्रतिभा नभएका, साहित्यको मर्म नबुझेका व्यक्तिहरूलाई एउटा कृति प्रकाशन गरेको भरमा उत्कृष्ट साहित्यकार मानेर अतिप्रशंसा गर्ने, साहित्यिक कार्यक्रममा उनको कृतिलाई

उत्कृष्ट कृतिको रूपमा चर्चापरिचर्चा गर्ने प्रवृत्तिको विरोध गरिएको छ । भूरकान्त मैनालीको *रहर* महाकाव्यलाई वक्ताको आधारमा *महाभारत*सँग तुलना गर्नु, त्यसलाई उत्कृष्ट, अद्‌भुत र अमृतमय नहर मान्नु, उनलाई काव्यिक गुरु मान्नु र यस्तै व्यक्ति प्रज्ञामा तानिनु नेपाली साहित्यजगत्‌का विकृत पक्षहरू हुन् । यस्तै विकृत पक्षहरूप्रति निबन्धकारले व्यङ्ग्य प्रहार गर्दै बौद्धिक/साहित्यिक क्षेत्रमा यस्तो प्रवृत्तिको अन्त्य हुनुपर्छ भन्ने कुरा व्यक्त गरेका छन् । यस्तै अर्को साक्ष्य हेरौँ :

> नहुने नहुने कुरालाई फूलबुट्टा भरेर अनेक स्वैरकल्पना गरेर आफू पनि दुःख पाउने, दुःखी हुने र दुनियाँलाई दिक्क बनाउने अभिशप्त जीवन ज्युन विवश हुने विशेष प्रजातिको नाम हो - कवि अर्थात् 'कविताले बिग्रेको' - कवि आएपछि अनुप्रास मिलाउन रवि आउने हो, रवि अर्थात् रक्सीले बिग्रेको । .... प्रशंसाले गर्दा कवि कहिले बेलुन बन्छ, कहिले मरिच बन्छ, दुःखै छ । कवितामा छन्द त मिलाउला, तर जिन्दगीमा छन्द मिलेको हुँदैन ।

('कवि सौन्दर्य मीमांसा', पृ. ६१)

यस निबन्धांशमा शिष्ट र अनुप्रासमय भाषामा साहित्यकारको निन्दा गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । कवि र साहित्यकार राष्ट्रका गहना भएकाले उनीहरूको मूल्य र महत्त्व नबुझी निन्दा गर्नु राम्रो होइन भन्ने कुरा यहाँ सङ्केत गरिएको छ । कविलाई नहुने नहुने कुरालाई फूलबुट्टा भरेर, स्वैरकल्पनाले सिङ्गारेर आफूले पनि दुःख पाउने र दुनियाँलाई दुःखी र दिक्क बनाउने व्यक्ति भनेर समाजमा जुन प्रकारले चित्रण गरिएको छ त्यसप्रति निबन्धकारले असहमति जनाउँदै व्यङ्ग्य गरेका छन् । सबै कुरा बिर्सेर पूर्ण समर्पणभावका साथ भाषा र साहित्यको सेवा गर्ने कविलाई पागल भनेर निन्दा गर्नु, कविता लेखेर बिग्रेको अनि रक्सीले बिग्रेको व्यक्ति भनी अपमान गर्नु कवि तथा साहित्यकारको महत्त्व नबुझ्नु हो भन्ने भाव व्यक्त गर्दै साहित्यकारको निन्दा गर्ने प्रवृत्तिको विरोध गरिएको छ । दत्तचित्त भएर भाषा र साहित्यको सेवा गर्दा जिन्दगी र घरपरिवारलाई व्यवस्थित गर्न-गराउन नसकेको कुरा सङ्केत गर्दै निबन्धकारले स्रष्टालाई समाज र राष्ट्रले सम्मान गर्न नसकेको र अतिनिन्दा वा बेवास्ता गरेकोमा व्यङ्ग्य गरेका छन् । यसरी कविलाई चारित्रिक रूपमा कमजोर र दुर्बल पात्रका रूपमा चित्रण गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरी सुधारको सन्देश दिइएको छ । यस्तै अर्को साक्ष्य हेरौँ :

> "उसो भए किन कवि बनेको त हजुर ?"
>
> "अहिले आएर पछुताउन । हेर छोरा, जीवनमा जो पनि पछुताउने गर्दछ । स्वयम् गणेशमान र कृष्णप्रसाद भट्टराईजस्ता नायकहरू पछुताए । हजारौँ छापामारहरू पछुताए ।" .... मनको शान्ति र मुहारको कान्ति गुमाएका हतभागीहरू । फूलको सौन्दर्य नै उसको काल हुन्छ । टिपेर मन्दिरमा वा लासमाथि चढाएर सर्वनाश पारिन्छ । जसरी खास हुन खोज्ने मान्छेलाई दास बनाइन्छ र उदास पारिन्छ ।

('कवि सौन्दर्य मीमांसा', पृ. ६२)

यस उद्धरणमा निबन्धकार गिरीले नेपालका सन्दर्भमा साहित्यकारहरू भाषा र साहित्यको सेवामा लागेर पछुताउन बाध्य भएको स्थितिको चित्रण गर्दै त्यस्तो परिस्थिति सिर्जना गर्ने वातावरण र साहित्यकारलाई दास ठान्ने राष्ट्रका शासकप्रति व्यङ्ग्य गरेका छन् । यो देशमा भाषा र साहित्यको सच्चा सेवक र त्यागी एवम् असल मानिसहरूलाई पछुताउनु परेको सन्दर्भ प्रस्तुत गर्दै साहित्यकारलाई मनको शान्ति र मुहारको कान्ति गुमाएका दुःखी आत्मा ठान्ने र हतभागी बनाउनेहरूप्रति व्यङ्ग्य गरिएको छ । सौन्दर्य फूलको काल भएजस्तै सेवा, त्याग र समर्पणभाव कविहरूको काल भएको र यसैले उनीहरूलाई सर्वनाश पारेको भाव अभिव्यक्त गर्दै खास हुन खोज्ने मान्छेलाई दास बनाउने, उदास पार्ने राष्ट्रिय परिस्थितिप्रति व्यङ्ग्य गरी भाषा र साहित्यसेवकलाई हतभागी, दुःखी आत्मा भनेर निन्दा गर्न नहुने व्यङ्ग्यार्थ ध्वनित भएको देखिन्छ ।

कृति वा कृतिकारको अतिप्रशंसा र अतिनिन्दा गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको अर्को उद्धरण :

> अब आइन्दा मेरो नाम लिँदा डा. नछुटाउनु होला, यो मेरो अनुरोध मात्र होइन, एउटा राष्ट्रिय विद्वान्को आदेश पनि हो । विद्वान्हरूको कुरा पी.एच.डी. गर्नेहरूको कुरा सुन्नुपर्दछ । गाली र ताली साहित्यमा बिदाविरिधि गरेपछि म 'साली साहित्य' अर्थात् साहित्यिक लीलामा डिलिट गर्नेछु । साली साहित्य नबुझ्ने भिनाजुहरू हुँदैनन् ।

('सुमित्रानन्दनको डा. मोह', पृ. ४१)

यस निबन्धांशमा साहित्यसर्जकको अतिप्रशंसा र अतिनिन्दा गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यहाँ गाली साहित्य भनेर निन्दा गरिएको, दोष पक्षमात्र देखाइएको समीक्षा एवम् साहित्यलाई सङ्केत गरिएको छ भने ताली साहित्य भनेर अतिशय प्रशंसा गरिएको समीक्षा एवम् साहित्यलाई बताइएको छ । साहित्यका विशेषज्ञहरू विद्यावारिधि गरेका बौद्धिक व्यक्तित्व र प्राज्ञहरू गाली र ताली साहित्यमा विशेषज्ञता हासिल गरेपछि साली साहित्यमा आकर्षित भएर उधुम मच्चाउने प्रवृतिप्रति व्यङ्ग्य गरिएको छ । यसप्रकार व्यङ्ग्यचेतनाले निबन्धको कलात्मक मूल्य बढाएकाले र शिल्पपक्ष, भावपक्ष सबल देखिएकाले धनराज गिरीका निबन्धहरू आकर्षक र प्रभावकारी देखिन्छन् ।

## निष्कर्ष

धनराज गिरी आधुनिक नेपाली निबन्ध साहित्यको उत्तरवर्ती चरणका स्थापित र चर्चित निबन्धकार हुन् । उनले कविता, गजल, निबन्ध, आख्यान र हास्यव्यङ्ग्यात्मक लेखरचनाहरूमा कलम चलाएका छन् । तापनि उनी कवि र निबन्धकारका रूपमा परिचित छन् । उनका कृतिहरूमध्ये *पाखण्ड पुराण* व्यङ्ग्यसङ्ग्रह नेपाली निबन्ध साहित्यमा महत्त्वपूर्ण प्राप्तिका रूपमा रहेको छ । हास्यभन्दा पनि व्यङ्ग्यप्रधान यस कृतिमा सामाजिक, राजनीतिक, साहित्यिक, शैक्षिक, धार्मिक, सांस्कृतिक आदि विविध क्षेत्रका विकृतिहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ तापनि साहित्यिक क्षेत्र र गतिविधिसँग सम्बन्धित विविध विकृतिहरूप्रतिको व्यङ्ग्यचेतना अभिव्यक्त भएको छ । साहित्यिक क्षेत्रमा पनि पुरस्कार तथा मानसम्मान लिनेदिने क्रममा र कृति प्रकाशन र विमोचन गर्ने क्रममा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य गरी सुधारको सन्देश दिइएको पाइन्छ । कृति र कृतिकारको अतिप्रशंसा वा अतिनिन्दा गर्ने समालोचक, समीक्षक र वक्ताहरूप्रति पनि यहाँ व्यङ्ग्य गरी आग्रहपूर्वाग्रहरहित भएर कृतिको समुचित मूल्याङ्कन गर्नुपर्ने कुरा अभिव्यक्त गरिएको देखिन्छ । साहित्यमा देखिएको नातावादको पनि विरोध गरी बौद्धिक/साहित्यिक क्षेत्रलाई विकृतिरहित बनाउनुपर्ने कुरा व्यक्त गरिएको छ । आलङ्कारिक पदक्रम, अनुप्रासयुक्त काव्यात्मक भाषाको समुचित प्रयोग वाग्वैग्ध्यको उपस्थिति, मन्द हासउपहास र व्यङ्ग्यचेतनाको प्रधानताका दृष्टिले गिरीका निबन्धहरू सबल र प्रभावकारी देखिन्छन् ।

## सन्दर्भसूची

गिरी, धनराज (२०८१), *पाखण्ड पुराण,* काठमाडौँ : गोरखा पब्लिकेसन्स प्रा.लि. ।

चतुर्वेदी, बरसाने लाल (सन् २०६३), *हिन्दी साहित्य में हास्य,* दिल्ली : हिन्दी साहित्य संसार ।

बर्मा, धीरेन्द्र र अन्य (सन् २००९), सम्पा. *हिन्दी साहित्य कोश भाग १,* पुनर्मुद्रण, संस्क. ..., वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

भट्टराई, भरतकुमार (२०५७), *हास्यव्यङ्ग्य सिद्धान्त,* काठमाडौँ : श्रीमती रमा भट्टराई ।

भाउपन्थी (२०६०), सम्पा. *आधुनिक नेपाली हास्यव्यङ्ग्य,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

राई, सुकरात (मिति अनुल्लिखित), *आधुनिक नेपाली निबन्धमा हास्यव्यङ्ग्य,* काठमाडौँ : राजेन्द्र विष्ट ।